**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३६)**

मितिः २०८१/०४/०२ गते

प्रारम्भ: बिहान ११: ०० बजे

समाप्त: दिनको १: १५ बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियो ।

१. राज्यको मूल प्रवाहमा मधेशी समुदायको समावेशीताको अवस्था र यस सम्बन्धमा मधेशी आयोगले खेलेको भूमिका विषयक छलफल भयो ।उक्त छलफलमा मधेशी समुदायको हकमा विद्यमान संवैधानिक एवं कानूनी व्यवस्था, समावेशीकरणका सम्बन्धमा आयोगले गर्दै आएका प्रयास र भावी दिनमा गर्नुपर्ने कार्यदिशाको सन्दर्भमा मधेशी आयोगका तर्फबाट प्रस्तुती भयो । छलफलका क्रममा राज्यको मूल प्रवाहमा मधेशी समुदायको प्रतिनिधित्वको पहिलेको भन्दा सुधारोन्मुख रहेता पनि सन्तोष गर्न लायक नभएको आयोगको निष्कर्ष थियो । नीतिगत तथा कानूनी व्यवस्था भएता पनि समावेशिताको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ । समावेशीकरणको मूल उद्देश्य भनेको सम्पूर्ण वर्ग, जाति, समुदायको पहिचान, प्रतिनिधित्व तथा राज्यको स्रोतमा समान पहुँचको सुनिश्चितता कायम गराउनु हो । समावेशीकरणको नाममा अझै पनि मधेशी समुदायमा निश्चित वर्ग, जात-थर तथा सम्भ्रान्त वर्गले नै विशेष लाभ लिने गरेको देखिन्छ । त्यसैले समावेशीकरणको हालको मोडल कत्तिको व्यवहारिक तथा उपलब्धिमूलक रह्यो त भनी अध्ययन-विश्लेषण र अनुसन्धान गरेर आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । समावेशीताको आधारको रुपमा संख्यालाई मात्र नभई सामर्थ्यलाई समेत जोड दिनुपर्ने हुन्छ । तसर्थ मधेशी समुदायको क्षमता अभिवृद्धि गर्न मधेशी आयोगले विभिन्न अनुसन्धनात्मक तथा जनचेतनामूलक कार्यक्रममा विशेष जोड दिनुपर्ने लगायतका विषयमा छलफल भयो ।

२. समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**